सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४९
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

च.नं. ११९

मिति : २०७६।१।२९

**विषय : सहभागिता सम्बन्धमा ।**

**श्री सबै स्थानीय तह (ध्यानाकर्षण : श्रीमान् नगर प्रमुख/अध्यक्षज्यू)**
**(मार्फत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) ।**

प्रस्तुत विषयमा नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय तीनै तहबाट कार्यान्वयनमा ल्याईएको प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालनमा पारस्परिक सहयोग, सहकार्य र समन्वय कायम गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९१ बमोजिम यस मन्त्रालय, प्रदेशको सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहका बीच प्रदेशगत रुपमा देहायको मिति, समय र स्थानमा त्रिपक्षीय समझदारी (Memorandum of Understanding) गर्ने तथा कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्याविधि, २०७६ को कार्यान्वयनका सम्बन्धमा छलफल गर्ने कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा तहाँ नगरपालिका/गाउँपालिकाबाट श्रीमान् नगरप्रमुखज्यू/अध्यक्षज्यू र रोजगार संयोजक वा रोजगार संयोजक नभएको स्थानीय तहबाट प्रधानमन्त्री रोजगार कार्यक्रम हेर्न तोकिएको कर्मचारीको अनिवार्य उपस्थितिका लागि यस मन्त्रालयको मिति २०७६।१।२९ को निर्णयानुसार अनुरोध छ ।

**<u>कार्यक्रम हुने मिति, समय र स्थान</u>**

| स्थानीय तहहरु | मिति | स्थान | समय |
|---|---|---|---|
| प्रदेश नं १ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।४-५ सम्म | विराटनगर | पहिलो दिन : दिनको २:०० बजे देखि ६:१५ बजेसम्म दोस्रो दिन : बिहान ७:३० बजे देखि १:०० बजेसम्म |
| प्रदेश नं २ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।५-६ सम्म | जनकपुर | |
| प्रदेश नं ३ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।१०-११ सम्म | काठमाडौं | |
| गण्डकी प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।१२-१३ सम्म | पोखरा | |
| प्रदेश नं ५ भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।८-९ सम्म | बुटवल | |
| कर्णाली प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।६-७ सम्म | सुर्खेत | |
| सुदूरपश्चिम प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | २०७६।२।४-५ सम्म | धनगढी | |

पुनश्च :

- *तालीम सञ्चालन हुने स्थानको सम्बन्धमा विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइटमा (<u>www.pmep.gov.np</u>) यथाशीघ्र राखिनेछ ।*
- *स्थानीय तहका प्रमुख र रोजगार संयोजकको लागि दैनिक भ्रमण भत्ता कार्यक्रमबाट उपलब्ध गराईनेछ । स्थानीय तहका प्रमुखसँग आउने चालकको लागि दैनिक भ्रमण भत्ताको व्यवस्था सम्बन्धित स्थानीय तहबाटै गर्नुपर्नेछ ।*

(डा. लोकनाथ भुसाल)
उपसचिव

" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"